# भोक्राहा नरसिंह गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी
१ नं. प्रदेश, नेपाल ।

प.सं. : ०७८/७९
च.नं. : ६८६

मिति : २०७८।११।२३

**विषय : गाउँपालिकाले शुरु गरेका असल अभ्यासहरुको सम्बन्धमा जानकारी ।**

श्री सरोकारवालाहरु, सबै ।

प्रस्तुत विषयमा यस गाउँपालिकाले सेवाप्रवाहलाई सरल, सहज, छिटो, छरितो, प्रविधिमैत्री, प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको असल अभ्यासहरु शुरुवात गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

क) सेवा प्रवाह क्षेत्रमा :

- ❖ एक वडा एक सचिवको व्यवस्था
- ❖ वडा कार्यालय, स्वास्थ्य संस्था र मातहतका शाखाहरुको नियमित अनुगमन निरीक्षण, समस्या पहिचान, सेवा प्रवाहमा सुधार लगायतको व्यवस्था
- ❖ कार्यालयमा आगन्तुक पुस्तिकाको व्यवस्था
- ❖ फेसवुक, वेभसाइट लगायतमा पालिकाको हरेक गतिविधि दैनिक रुपमा सार्वजनिकिकरण
- ❖ प्रत्येक महिना अनिवार्य स्टाफ मिटिङ्ग
- ❖ समस्याको पहिचान गरी कर्मचारीको क्षमता विकास, सहजीकरण
- ❖ कर्मचारीलाई विदा दिँदा सेवाप्रवाहमा असर नपर्ने गरी अर्को कर्मचारीलाई जिम्मेवारी वहनको व्यवस्था मिलाएर मात्र विदा स्वीकृत हुने व्यवस्था
- ❖ कर्मचारीहरुले निर्वाह गर्न पर्ने भुमिका, काम, कर्तव्यको सम्बन्धमा स्पष्ट कार्यविवरण सहितको शाखागत जिम्मेवारी तोक्ने तयारी
- ❖ अतिरिक्त समय कामकाज गर्ने कर्मचारीलाई आवश्यक प्रमाण कागजातको आधारमा थप सुविधा व्यवस्था
- ❖ मातहतको कर्मचारीलाई अधिकार प्रत्यायोजन
- ❖ कार्यालयमा चौविसै घण्टा विद्युत व्याकपको व्यवस्था

ख) भौतिक पूर्वाधार, सामाजिक विकास लगायतको क्षेत्रमा :

- ❖ वडास्तरीय अनुगमन समितिबाट वडामा संचालित आयोजना, निर्माण कार्यको नियमित अनुगमन निरीक्षण गरी पन्ध्र पन्ध्र दिनमा कार्यालयमा प्रतिवेदन पेश गर्ने व्यवस्था
- ❖ प्रत्येक निर्माण स्थलको दैनिक निगरानी गर्न हेरालुको व्यवस्था
- ❖ निर्माण कार्यलाई प्रभावकारी बनाउन निर्माण व्यवसायीसँग छलफल, निर्देशन
- ❖ सबै निर्माण कार्यको अनुगमन निरीक्षण गरी त्रुटी सुधार गर्न निर्माण व्यवसायीलाई पत्राचार

भोक्राहा नरसिंह गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश, नेपाल ।

प.सं. : ०७८/७९

च.नं. :

ग) आर्थिक अनुशासन तथा सुशासन प्रवर्द्धन तर्फ :

- ❖ खरिद इकाईको निर्णय र अख्तियारी विना कुनै पनि सामानको खरिद नगर्ने व्यवस्था
- ❖ तालिम कार्यकमको अनिवार्य अनुगमन र फेसवुकमा अपडेट गर्ने व्यवस्था
- ❖ इन्धन, खाजाको भुक्तानी गर्दा प्रमाण (कुपन, प्रतिवेदन, पुष्ट्याइ हुने कागज) राख्ने व्यवस्था
- ❖ एकै व्यक्तिलाई दोहोरो रुपमा सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको देखिएकोले पंजिकरणको स्टाफलाई लाभग्राहीको पहिचान र विवरण रुजु गर्न घर-घर, वडा-वडा, टोलटोलमा खटाएको, सत्य तथ्य विवरण प्राप्त भएपछि मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था
- ❖ फजुल खर्च नियन्त्रण कडाइका साथ अभियान गर्न शुरु
- ❖ जिन्सी निरीक्षण गरी जिन्सी अभिलेख अद्यावधीक गर्ने व्यवस्थाको शुरुवात (के कुन पदाधिकारी/कर्मचारीको जिम्मा के कुन जिन्सी सामानहरु रहेको छ ? जिन्सी सामान, जिन्सी अभिलेखको अवस्था अध्ययन, अनुगमन , निरीक्षण गर्न पाँच सदस्यीय टोली गठन)
- ❖ वेरुजु फर्छयौटको लागि सम्वन्धीत शाखा र कर्मचारीसँग नियमित सहजीकरण र समन्वय

पुनम कुमारी मेहता
उपाध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

महेन्द्र प्रसाद यादव
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका